# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रससग्राम, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. ०८२/८३
च.नं. १६८९

मितिः २०८३/०१/३०

श्री वडा कार्यालयहरु सबै,
श्री विषयगत शाखाहरु सबै,
श्री उपभोक्ता समितिहरु सबै,
श्री सम्पूर्ण संघसंस्था तथा सरोकारवालाहरु,
कालिका नगरपालिका, चितवन ।

विषयः आ.ब. २०८२/०८३ को भुक्तानी तथा खाता बन्द सम्बन्धमा ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३०(१) अनुसार भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै भुक्तानी दिई लेखा अध्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था र आर्थिक वर्षको अन्त्यमा भुक्तानी चाप अत्याधिक हुने भएकोले यस नगरपालिकाबाट संचालित आ.ब. ०८२/८३ को सम्पूर्ण कार्यक्रमहरुमध्ये चालु तर्फका कार्यक्रमहरु मिति २०८३/०२/२५ गते भित्र र पूँजिगत तर्फका कार्यक्रमहरु मिति २०८३/०३/०५ गते भित्र कार्य सम्पन्न गरी रकम भुक्तानीको लागि माग गर्नुहुन अनुरोध गरिन्छ । **तोकिएको मिति पछि पेश भएका कागजातको हकमा रकम भुक्तानी गर्न कालिका नगरपालिका जिम्मेवार नहुने र सो रकम फ्रिज हुने व्यहोरा जानकारी गराइन्छ ।**

**बोधार्थः**

**योजना शाखाः** सम्पूर्ण उपभोक्ता समितिहरु तथा निर्माण व्यवसायीको तोकिएको समयभित्र भुक्तानी प्रक्रिया अगाडि बढाउनुहुन ।

**पूर्वाधार शाखाः** सम्पन्न भएको कामको तोकिएको समयभित्र भुक्तानी माग गर्न ताकेता गर्नुहुन ।

**वडा कार्यालयहरुः** वडा भित्र सम्पन्न भएका सम्पूर्ण कार्यहरुको फरफारक तोकिएको समयभित्र सक्नुहुन ।

**सम्पूर्ण विद्यालयहरुः** तोकिएको समयभित्र सम्पूर्ण योजनाहरुको फरफारक गर्नुहुन ।

**सम्पूर्ण उपभोक्ता समितिहरुः** तोकिएको समयभित्र योजनाको फरफारक गर्नुहुन ।

**सूचना प्रविधि शाखाः** सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी गराउनु हुन ।

ऋषि प्रसाद कडुवाल
बरिष्ठ लेखा अधिकृत

२०८३/१/३०
देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np